नि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २०४ २०८० साल चैत ५ गते सोमबार (18 Mar. 2024 Monday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सैनिक कल्याणकारी कोषमा ८२ अर्बभन्दा. २ पृष्ठमा : विश्व स्वास्थ्य सङ्गठनका... ३ पृष्ठमा : आयल निगमका तत्कालिन ...

## वन अधिकृत साहसहित २४ जना बिरुद्ध सरकारी सम्पत्तिमा हानिनोक्सानी गरेको ठहर गर्दै आरोपपत्र दायर

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

डिभिजन वन कार्यालय जलेश्वर महोत्तरीका तत्कालिन डिभिजनल वन अधिकृत हेमन्त प्रसाद साहसहित २४ जना बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारी सम्पत्तिमा हानिनोक्सानी गरेको ठहर गर्दै आरोपपत्र दायर गरेको छ ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेद्वारा आइतबार जारि विज्ञप्तिमा वन अधिकृत साहसहित वडा अध्यक्ष, उपभोक्ता समितिका पदाधिकारी लगायत २४ जनालाई प्रतिवादी बनाइ रम्तेलडाँडा सामुदायिक वनका विभिन्न जातका ४ सय ६ वटा रुख विरुवा जथाभावी कटान गरि सरकारी सम्पत्तिमा हानी नोक्सानी गरेको ठहर गर्दै विशेष अदालतमा आरोपपत्र दायर गरेको जनाएको छ ।

डिभिजनल वन अधिकृत साहमाथी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेकोले ऐ. ऐनको दफा १७ ले निर्दिष्ट गरेबमोजिम ऐ. ऐनको दफा ध को उपदफा (१) को देहाय (च) बमोजिम कैद र दफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी भएको विगो ११ लाख ९६ हजार ६ सय ९५ रुँपैया असुल उपर गर्न मागदाबी गरेको छ ।

त्यस्तै अख्तियारले सहायक वन अधिकृत बेचन ठाकुरमाथी पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ । सव-डिभिजन वन कार्यालय बर्दिवासका तत्कालीन सहायक वन अधिकृत लक्ष्मण प्रसाद यादव, फरेष्टर सन्तोष कुमार साह, वनरक्षकहरु राज किशोर झा, अजय कुमार यादव, राकेश कुमार यादव, नारायण ढुंगेल र दिलिप महतोसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

यस्तै नापी कार्यालय बर्दिवासका तत्कालीन अमिन राम दरश राउतसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

मालपोत कार्यालय बर्दिबास, महोत्तरीका तत्कालीन नायब सुब्बा ओम प्रकाश खड्का र बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडा सदस्य शान्ता देवी श्रेष्ठसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

बर्दिबास नगरपालिका वडा नं. १ का तत्कालीन वडाध्यक्ष चुडामणी पोखरेलसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन अध्यक्ष शेर बहादुर राउतसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

रम्तेल डाँडा सामुदायिक वन उपभोक्ता समितिका तत्कालीन उपाध्यक्ष उमादेबी बुढाथोकी, कोषाध्यक्ष प्रेम बहादुर थापा, सचिब धन कुमारी मगर भनिने धन कुमारी, तत्कालीन सदस्यहरु उर्मिला थापा मगर र पूर्ण बहादुर सुस्लिङ्गसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

जिल्ला महोत्तरी, बर्दिबास नगरपालिका वडा नं. १ बस्ने जग्गाधनीद्वय लिलामणी आचार्य र कृष्ण प्रसाद गौतमसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

रम्तेल डाँडा सामुदायिक वनका उपभोक्ता एम बहादुर थापा मगर र नन्दमाया खनाल भनिने नन्दमाया क्षेत्रीसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

जिल्ला सिन्धुली, सुनकोशी गाउँपालिका वडा नं. ४ का रुख कटान गर्ने ठेकेदार सन्दिप नेपालीसँग पनि सोही ऐनको दफा अनुसार उक्त रकम बराबरको रकम असुल उपर गर्न मागदाबी गरेको छ ।

## प्रतिनिधिसभा सदस्य अन्सारीको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

प्रतिनिधिसभा सदस्य मंजु शर्मा अन्सारीको आइतबार बिहान हृदयघातबाट निधन भएको छ ।

काठमाडौंस्थित सिबिल आस्पतालमा उपचारका क्रममा ६० वर्षिया सांसद अन्सारीको निधन भएको हो ।

यसैबीच आइतबार प्रतिनिधिसभाको बैठकमा सांसद अन्सारीको निधनमा शोक प्रस्ताव पारित गरिएको छ । सभामुख देवराज घिमिरेले उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गरे ।

बैठकमा स्वर्गीय अन्सारीको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरिएको थियो । अन्सारीको ६० वर्षको उमेरमा आइतबार उपचारका क्रममा निधन भएको हो । उनको निधनप्रति बैठकले शोक प्रकट गरी श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति समबेदन प्रकट गरेको छ ।

जनता समाजवादी पार्टी ( जसपा) नेपालबाट विसं २०७९ को प्रतिनिधिसभामा समानुपातिक सदस्यका रुपमा निर्वाचित अन्सारीले विसं २०४६ को जनआन्दोलनबाट राजनीतिक यात्रा सुरुवात गरेकी थिइन् ।

## राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित विषयगत प्रतिवेदन सार्वजनिक

काठमाडौं, ४ चैत (रासस) ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले जनगणनाका नतिजा र जनगणना सञ्चालनसँग सम्बन्धित विषयगत चार प्रतिवेदन सार्वजनिक गरेको छ ।

प्रमुख तथ्याङ्क अधिकृत तोयम रायाले आइतबार यहाँ आयोजित कार्यक्रममा राष्ट्रिय जनगणना २०७८ को नतिजामा आधारित तथ्याङ्कलाई विश्लेषण गरी तयार गरिएका विषयगत प्रतिवेदन सार्वजनिक गर्नुभएको हो ।

पछिल्लो जनगणनाअनुसार नेपालको कूल जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ रहेको, वार्षिक औसत जनसङ्ख्या वृद्धिदर शून्य दशमलव ९२ प्रतिशतका दरले वृद्धि भएको, नेपालको पहिलोपटक १९६८ सालमा लिएको जनगणनासँग तुलना गर्दा अहिले करिब पाँच गुणाले जनसङ्ख्या वृद्धि भएको र जनसङ्ख्या वृद्धिदर यही कायम रहे नेपालको जनसङ्ख्या दोब्बरले वृद्धि हुन ७५ वर्ष लाग्ने तथ्याङ्क कार्यालयले जनाएको छ ।

पहाडी र हिमाली क्षेत्रका ३४ जिल्लाका वार्षिक जनसङ्ख्या ऋणात्मक र तराईका सबै जिल्लाका जनसङ्ख्या धनात्मक रहेको, सबैभन्दा बढी ऋणात्मक वृद्धिदर रामेछापमा माइनस एक दशमलव ६७ प्रतिशत र सबैभन्दा बढी काठमाडौंमा सात प्रतिशत वृद्धिदर रहेको तथा करिब दुई तिहाइ अर्थात् ६६ प्रतिशत जनसङ्ख्या नगरपालिका क्षेत्रमा रहेको आइतबार सार्वजनिक प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी विसं २०६८ को तुलनामा समग्र साक्षरता दर नौ दशमलव छ प्रतिशतले वृद्धि भई ७६ दशमलव दुई प्रतिशत पुगेको, महिलाभन्दा पुरुष साक्षरता दर करिब १४ प्रतिशत बढी रहेको, पहाडमा सबैभन्दा बढी ८० दशमलव नौ र हिमाल तथा तराईमा लगभग बराबर अर्थात् ७३ प्रतिशत साक्षरता दर रहेको छ ।

त्यस्तै अन्य लिङ्गीको जनसङ्ख्या दुई हजार नौ सय २८ रहेको प्रतिवेदनमा उल्लेख छ । घर तथा परिवारको अवस्थासम्बन्धी प्रतिवेदनमा ६६ लाख ६० हजार आठ सय ४९ परिवारमध्ये ८६ प्रतिशत आफ्नै स्वामित्वमा भएको आवासीय एकाइमा, १२ दशमलव आठ प्रतिशत भाडाको घर र बाँकी सरकारी वा संस्थागत कार्यालयसहितका आवासीय एकाइमा बसोबास गर्ने उल्लेख छ ।

विसं २०७८ को जनगणनाअनुसार परिवारको आकार औसतमा चार दशमलव चारजना रहेको, सुदूरपश्चिम र मधेस प्रदेशमा चार दशमलव सात, नगरपालिकामा चार दशमलव तीन र गाउँपालिकामा

***बाँकी अन्तिम पृष्ठमा***

## टेलिकमका प्राविधिक अधिकृतबिरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ चैत ।**

नेपाल टेलिकमका प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) निर्मलप्रसाद सिटौलाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिटौलाविरुद्ध १ करोड ६१ लाख २० हजार रुपैयाँ बिगो कायम गरी आइतबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

सिटौलाले कार्यालयमा हाजिर गर्नुका साथै छुट्टै हिमडुङ एण्ड थोकर कन्ट्रक्सनमा समेत कार्य

***बाँकी अन्तिम पृष्ठमा***

**उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं**

**वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमा:**

- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### वनजंगल जोगाऔं

हरियो वन नेपालको धन अहिले वन माफियाको धन बनेको छ । हाम्रो देश नेपालको अधिकांश क्षेत्र वनजंगलले ढाकिएको छ । तर, वन मासिदै जाँदा पनि सरकार अझ गम्भिर बन्न सकिरहेको छैन् । वन तस्करहरुले वनलाई मास्दै गएका छन् भने उचित साधनश्रोतको अभावमा जल त्यतीकै खेर गइरहेको छ भने सिंचाई तथा मलखादको अभावमा हाल कृषि क्षेत्रमा पनि ह्रास आएको छ । तीनैको अवस्था कहालिलाग्दो रहेको छ । नदीनालाले भरिएको देशमा किसानले पर्याप्त सिँचाई सुविधा पाएका छैनन्, खेतीयोग्य हरिया खेतबारी खडेरीको रुपमा परिणत भइरहेको छ ।

नदीनालाहरुबाट पर्याप्त विजुली उत्पादन गरेर आफु उपयोग गर्ने सामर्थ रहेपनि वर्षायाममा सिँचाईको अभाव हुने गरेको छ । खेतियोग्य जग्गामा सिँचाई हुन पाइरहेको छैन । नहर छ, तर व्यवस्थित छैन । किसानहरु वर्षाको अभावका कारण अन्य बैकल्पिक उपायबाट आंशिक रोपाई गरेपनि सिँचाईको समुचित व्यवस्था भने गर्न सकिएको छैन ।

यस्तो अवस्थाप्रति कुनै सरकार गम्भिर बन्न सकेको छैन् । मुलुकका राजनीतिक दलहरु समेत यस्तो गम्भिर विषयमा कहिले आफ्नो एजेण्डा बनाउन सफल भएनन् । बनाएपनि त्यसलाई कार्यान्वयन गर्न सफल हुँदैनन् । मात्र यो ऐजेण्डा लिएर भोटको राजनीति गर्न सकस गरिरहेका हुन्छन् । वन र सिचाई मुलुकको राजनीतिक दाउपेच मात्र बन्न सकेको छ । तसर्थ जनतासँग प्रत्यक्ष सरोकार राख्ने यस गम्भिर विषयलाई मुलुकका सम्पूर्ण राजनीतिक दलहरु गम्भिर हुनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सैनिक कल्याणकारी कोषमा ८२ अर्बभन्दा बढी रकम

काठमाडौं, ४ चैत (रासस) ।

नेपाली सेनाको सैनिक कल्याणकारी कोषमा ८२ अर्बभन्दा बढी रकम जम्मा भएको छ । प्रधान सेनापति प्रभुराम शर्माका अनुसार विसं २०८० पुस मसान्तसम्म रु ८२ अर्ब ६६ करोड १२ लाख जम्मा भएको हो ।

सैनिक मञ्च टुँडिखेलमा नेपाली सेना कल्याणकारी बोर्डको संयोजन तथा नेपाली सेना जङ्गी अड्डाको व्यवस्थापनमा आइतबार आयोजित कार्यक्रममा उहाँले करिब १० लाख हिताधिकारीमार्फत कोषमा ८२ अर्बभन्दा बढी रकम जम्मा भएको जानकारी दिनुभयो । उहाँले विसं २०८० असार मसान्तसम्म रु ७१ अर्ब पाँच करोड ६१ लाख रहेकामा सो रकम वृद्धि भई पुस मसान्तसम्म कोषको कूल रकम ८२ अर्ब ६६ करोड १२ लाख पुगेको जानकारी दिनुभयो । कल्याणकारी कार्य सोही कोषको ब्याजबाट सञ्चालन हुँदै आएको पनि उहाँले उल्लेख गर्नुभयो ।

सैनिक कल्याणकारी कोषमा हरेक वर्ष करिब रु छदेखि आठ अर्ब खर्च भइरहेको जानकारी दिँदै प्रधान सेनापति शर्माले कोषमा ठूलो रकम देखिएता पनि एकै पटक रकम उपलब्ध गराउन कठिन भइरहेको बताउनुभयो । प्रधानसेनापति शर्माले कोषलाई कालान्तरसम्म दिगो राख्न आयआर्जनलाई विस्तार गर्न जरुरी रहेको र यस विषयमा सरकारका सम्बद्ध निकायमा कुरा राखिएको उहाँले जानकारी दिनुभयो ।

उहाँले अवकाशप्राप्त सकल दर्जालाई एकै ठाउँमा भेटघाटका साथै बहालवाला र अवकाशप्राप्त सैनिकबीच सामीप्यताको भावना जागृत गराउन सेनाले विविध कल्याणकारी कार्यक्रम गर्दै आएको उल्लेख गर्नुभयो ।

प्रधानसेनापति शर्माले सैनिकको देश, समाज र जनताप्रति उत्तिकै जिम्मेवारी रहेको भन्दै राष्ट्रलाई आइपरेका जुनसुकै विपद् र महामामा राष्ट्रभावका साथ स्वतस्फूर्त सक्रिय भएर भूमिका निर्वाह गर्न तत्पर हुनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, “राज्यका लागि तपाईंहरु हिजोका दिनमा जति महत्वपूर्ण हुनुहुन्थ्यो, आज अवकाशप्राप्त जीवनमा पनि उत्तिकै महत्वपूर्ण सम्पत्तिका रुपमा हुनुहुन्छ । विभिन्न प्रकारका विपद्, महामारीलगायत राष्ट्रिय सङ्कटमा आवश्यक योगदान गर्न तयार रहनुभएको छ र भविष्यमा पनि तयार रहनुहुन्छ भन्ने विश्वास लिएको छ ।”

सैनिक कल्याणकारी कोषका प्रमुख कार्यकारी अधिकृत अवकाशप्राप्त रथी गौरव तण्डुलले अवकाशपछिको जीवन एकापसमा भेटघाट, सुख-दुःख बाँड्न र अपनत्वको भावना विकास गराउन सम्मेलनले महत्वपूर्ण भूमिका रहने बताउनुभयो । उहाँले सैनक कल्याणकारी कोषमार्फत हिताधिकारीहरु लक्षित गरी विभिन्न कल्याणकारी कार्यक्रमहरु सञ्चालन भइरहेको र उक्त रकमलाई आयमूलक क्षेत्रमा लगानी गरी शिक्षा, स्वास्थ्य, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियतलाई क्रमशः विस्तार तथा सेवामुखी बनाउन कल्याणकारी बोर्ड तथा सैनिक कल्याणकारी निर्देशनालयले नयाँ चिन्तनका साथ भूमिका निर्वाह गर्दै आएको जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक तण्डुलले ‘स्वरोजगारका लागि सहुलियतपूर्ण कर्जा कार्यक्रम तथा व्यावसायिक सीप विकास कार्यक्रम’ अवकाश प्राप्त सैनिक र परिवारमा लोकप्रिय रहेको बताउनुभयो । उहाँका अनुसार सहुलियतपूर्ण कर्जा कार्यक्रमबाट हालसम्म अवकाश प्राप्त तथा एकल महिलातर्फ २३ हजार ५८ र बहालवालातर्फ नौ हजार नौ सय ८५ गरी कूल ३३ हजार ४३ जनाले रु सात अर्ब ४५ करोड ७७ लाख ७५ हजार सुलभ ब्याज दरमा कर्जा सुविधा हासिल गरेका छन् जसमध्ये महिला उद्यमशीलता कर्जातर्फ मात्र हालसम्म अवकाश प्राप्त सैनिकका परिवार तथा एकल महिलातर्फ एक हजार नौ सय ४७ र बहालवाला सैनिकका परिवारतर्फ एक हजार एक सय ६५ जना गरी जम्मा तीन हजार एक सय १२ जनाले रु दुई अर्ब ४६ करोड ६४ लाख ३० हजार कर्जा सुविधा लिइरहेका छन् ।

सेनाले गरिरहेका विभिन्न काम, कारबाहीका बारेमा अवकाश प्राप्त सैनिकहरुलाई जानकारी गराउने तथा भूपूसैनिक र उनीहरुका परिवारको हितका लागि भएका कार्यक्रमको जानकारी गराउने उद्देश्य साथ भूपूसैनिक सम्मेलन गरिँदै आएको सेनाले जनाएको छ ।

‘भूतपूर्व सैनिक सम्मेलनको अभिलाषा-सेनाप्रतिको समर्पण र भरोषा’ भन्ने मूल नाराका साथ आयोजित सम्मेलनमा विभिन्न जिल्लाबाट अवकाश प्राप्त सकल दर्जाको उपस्थिति थियो । सो सम्मेलनमा एकै परिवारबाट चारजनाभन्दा बढी सन्तानले नेपाली सेनामा सेवा गरेका आमा-बुबालाई सम्मान गरिएको थियो । कार्यक्रममा नेपाली सेनाद्वारा विविध सांस्कृतिक प्रस्तुति गरिएको थियो ।

## विश्व समाचार

### विश्व स्वास्थ्य सङ्गठनका प्रमुखद्वारा रफाहमाथिको आक्रमण रोक्न आग्रह

जेनेभा, ४ चैत (रासस/सिन्ह्वा) ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ)का प्रमुखले गाजाको सबैभन्दा दक्षिणी शहर रफाहमा भइरहेको स्थलगत आक्रमण रोक्न इजरायललाई आग्रह गर्नुभएको छ ।

डब्ल्यूएचओका प्रमुख टेड्रोस अधानोम गेब्रेयेससले ट्वीटरमार्फत जारी सन्देशमा लेख्नुभएको छ, “रफाहमाथि इजरायलले स्थलगत आक्रमण गर्ने योजनाले मलाई निकै चिन्तित तुल्याएको छ ।

उहाँले भन्नुभयो, घना बस्ती भएको यस क्षेत्रमा हिंसाको थप वृद्धिले धेरैको मृत्यु र पीडा निम्त्याउनेछ । विशेषगरी स्वास्थ्य संस्थाहरू पहिले नै क्षमताभन्दा बढी सेवा दिन बाध्य भइरहेका छन् । आक्रमणपछि यहाँको स्वास्थ्य अवस्था थप अस्तव्यस्त हुनेछ ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले शुक्रबार रफाहमा आक्रमण गर्ने योजनालाई अनुमोदन गर्नुभएको छ ।

डब्ल्यूएचओ प्रमुख टेड्रोसले यो मानवीय बिपत्तिलाई अझ खराब हुन दिनु नहुने बताउँदै इजरायललाई सैन्य अभियान अघि नबढाउन र ‘मानवताको लागि’ शान्तिको बाट तय गर्न आग्रह गर्नुभएको छ ।

### इमरान खानविरूद्धको मानहानि मुद्दा पाकिस्तानी अदालतद्वारा खारेज

इस्लामाबाद, ४ चैत (रासस/एएनआई) ।

पाकिस्तानका पूर्व प्रधान न्यायाधीश इफ्तिखार मोहम्मद चौधरीले पूर्वप्रधानमन्त्री इमरान खानविरुद्ध २० अर्ब पाकिस्तानी रुपैयाँ विगो दावीसहित दायर गरेको मानहानिको मुद्दालाई इस्लामाबादको एक जिल्ला अदालतले शनिबार खारेज गरेको छ ।

जुलाई २०१४ मा चौधरीले इमरान खानलाई सन् २०१३ को आम चुनावमा धाँधली गरेको र उहाँद्वारा सार्वजनिक एक वक्तव्यमा आफूविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोप लगाउँदै २० अर्ब पाकिस्तानी रुपैयाँ विगो दावीसहित मानहानिको सूचना जारी गर्नुभएको थियो ।

खानले आफ्नो भनाइका लागि माफी नमागे कानुनी प्रक्रिया सुरु गर्ने चेतावनी उक्त सूचनापछि चौधरीको कानुनी टोलीले दिएको थियो ।

चौधरीले जनवरी २०१५ मा औपचारिकरूपमा मुद्दा दर्ता गर्नुभएको थियो । मुद्दामा पाकिस्तानका पूर्वप्रधान न्यायाधीशले २७ जुन २०१४ मा इमरान खानद्वारा सार्वजनिक एक वक्तव्यमा आफूविरुद्ध अपमानजनक टिप्पणी गरेको आरोप लगाउनुभएको थियो ।

द एक्सप्रेस ट्रिब्यूनको रिपोर्टअनुसार लामो प्रक्रियापछि अदालतले इमरान खानको पक्षमा फैसला सुनाएको छ र चौधरीद्वारा दायर गरिएको मुद्दा खारेज गर्दै मानहानिको सूचना हद नाघेपछि जारी गरिएको बताएको छ ।

न्यायाधीश हसिना सकलैनले आफ्नो फैसलामा भन्नुभएको छ, “मुद्दाअनुसार अन्तिम कथित मानहानिपूर्ण बयान सन् २०१४ जुन २७ मा गरिएको थियो र मुद्दा सन् २०१५ को जनवरी २० मा दायर गरिएको थियो । मुद्दा दायर गर्दा छ महिना २४ दिन हद नाघिसकेकोले मुद्दालाई खारेज गरिएको छ ।”

अदालतले मानहानिसम्बन्धी सामग्री प्रकाशित भएको मितिले छ महिनाभित्र मानहानि मुद्दा दायर गर्नुपर्ने र त्यसो गर्न नसके मानहानि अध्यादेश २००२ को दफा १२ अनुसार मुद्दा गर्न नमिल्ने उल्लेख गरेको छ ।

सन् २०२२ को अप्रिलमा अविश्वासको प्रस्तावमार्फत सत्ताच्युत भएयता पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का संस्थापक नेता तथा पूर्वप्रधानमन्त्री खानले थुप्रै कानुनी चुनौतीको सामना गर्दै आउनुभएको छ । उहाँ हाल राउलपिण्डीस्थित पाकिस्तानी केन्द्रीय कारागारमा हुनुहुन्छ ।

### श्रीलङ्काको समुद्रीमा माछा मारेको आरोपमा २१ भारतीय पक्राउ

कोलम्बो, ४ चैत (रासस/सिन्ह्वा) ।

श्रीलङ्काको जलसेनाले शनिबार राति आफ्नो जलक्षेत्रमा अवैध रूपमा माछा मारिरहेका २१ जना भारतीय मछुवालाई पक्राउ गरेको छ ।

उत्तरी श्रीलङ्काको डेल्फ्ट टापु नजिकै माछा मारिरहेका भारतीय डुङ्गालाई पिछा गर्दै जाँदा उनीहरूलाई पक्राउ गरिएको र उनीहरूले प्रयोग गरेका दुई वटा डुङ्गा पनि जफत गरेको विज्ञप्तिमा उल्लेख छ ।

जफत गरिएका डुङ्गा र २१ मछुवालाई कान्केसानथुराई बन्दरगाहमा ल्याइएको र उनीहरूलाई कानुनी प्रक्रियाका लागि स्थानीय अधिकारीलाई सुम्पिने नौसेनाले जनाएको छ ।

नौसेनाले सन् २०२४ मा श्रीलङ्काको जलक्षेत्रमा १८ भारतीय डुङ्गा र १४६ भारतीय मछुवालाई सुरक्षा नियन्त्रणमा लिएको छ ।

# नेपाल सहकारी संस्था लिमिटेड

## सप्तरी राजविराजबाट जारी गरिएको

## ऋणीहरुलाई धितो लिलामी सम्बन्धी ३५ दिने सुचना

*मिती : २०८०/१२/०५*

नेपाल सहकारी संस्था लिमिटेड, राजविराज सप्तरीबाट विभिन्न मितिमा आफ्नो काम कारोबारका लागि ऋण प्राप्त गरी सो ऋणको भाखा बमोजिम तोकिएको म्यादमा साँवा तथा ब्याज चुक्ता गरी फरफराक लिनुपर्नेमा तपसिल बमोजिम व्यक्तिहरुले सो नगरी आलटाल गरी बसेको हुँदा साँवा तथा ब्याज बुझाउन ऋणीलाई संस्थाबाट पटक-पटक सुचना पठाउँदा सम्बन्धित ऋणीहरुले त्यस तर्फ ध्यान नदिई बसेका हुँदा निजहरुले ऋणको धितो वापत संस्थामा राखिएको अचल सम्पतिहरु धित्तो लिलाम बिक्री गरी असुल उपर गर्नुपर्ने भएकोले सम्बन्धित ऋणी तथा निजको तर्फबाट धितो जमानी राखी मंजुरनामा दिने व्यक्ति समेतको जानकारीका लागि सहकारी ऐन २०७४ को दफा ७९, ८३ तथा सहकारी नियमावली २०७५ को दफा ३० बमोजिम कार्यवाहीका लागि यो सुचना प्रकाशित गरिएको छ । तसर्थ तपसिलका ऋणीहरुले संस्थामा राखिदिएको तपसिल बमोजिमको धितोको जग्गा मिति **२०८१/०१/०९** गते आइतबारका दिन कार्यालयमा लिलाम डाक बढाबढ हुने भएकोले इच्छुक नेपाली नागरिकहरुको लागि यो सुचना प्रकाशित गरिएको छ । साथै सो लिलाम डाँक बढाबढको कार्य उक्त मितिको बिहान **१०:००** बजेदेखि कार्यालय खुला रहेको समयसम्म हुने भएकोले उक्त समयमा कार्यालयमा उपस्थिति भई डाक साकार गरिलिनु हुन यो सुचना प्रकाशित गरिएको छ । डाँक साकार गर्ने व्यक्तिले डाँक साकार गरेको अंकको १० प्रतिशत रकम तुरुन्तै, बाँकी रकम १५ दिनभित्र यस संस्थामा बुझाउनु पर्नेछ । सो म्याद नाघी आएमा जम्मा भएको रकम जफत हुनेछ । लिलाम सम्बन्धित सम्पुर्ण खर्च सम्बन्धी ऋणीले व्यहोर्नुपर्ने समेत जानकारी गराइन्छ । अन्य लिलाम सम्बन्धी जानकारी संस्थाको कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिने छ । डाक स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार संस्थामा निहित रहने छ ।

**तपसिल**

| सि.नं. | ऋणीको नाम | ठेगाना | बाबु/पतिको नाम | बाजे/ससुराको नाम | जग्गाको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | ठेगाना | वडा नं. | कि.नं. | क्षेत्रफल |
| १ | सफिना खातुन | सप्तरी, रावि-७ | सरिफ अहमद | मोहबुब आलम | चनौरा पडरिया | ३ | १४८६ | ०-१-० |
| २ | पप्पु साह | सप्तरी, रावि-३ | घनसीराम साह | सिताराम प्रसाद साह | राजविराज | ३ | १/९ फुटकर लाइन | ०-०-२ 'क' |
| ३ | सुनिता कुमारी यादव | सिरहा, गाविस मझौरा-३, हाल-८ | अनिरुद्ध प्रसाद यादव/तेज नारायण यादव | सत्य नारायण यादव | राजविराज | ५/ख | ५३ | ०-१-१५ ३/४ |
| ४ | चिरंजिविलाल देव | सप्तरी, रावि-६, हाल-७<br>सप्तरी, रावि-६, हाल-७<br>सप्तरी, रावि-६, हाल-७<br>सप्तरी, रावि-६, हाल-७ | बलगोविन्दलाल देव | स्व. शिव नारायण लाल देव | राजविराज<br>राजविराज<br>राजविराज<br>राजविराज | ६<br>६<br>६<br>६ | १३३८<br>१३३९<br>१३४०<br>१३४३ | ०-०-१ १/४<br>०-०-३ ३/४<br>०-०-० ३/४<br>०-०-९ १/४ |
| ५ | रिता देवी दास | सप्तरी, कोचाबखारी-४ हाल रावि-५ | रामचन्द्र दास | कशोरी लाल दास/महि नारायण दास | राजविराज | ९ | ३४४ 'म' | ०-०-१० |
| ६ | गुडिया दास | सप्तरी, कोचाबखारी-४ हाल रावि-५ | सन्तोष कुमार दास | महि नारायण दास | राजविराज | ९ | ३४४ | ०-०-१० |
| ७ | निर्मल कुमार परियार | सप्तरी, रावि-८ | मानबहादुर | दिलबहादुर | राजविराज | ५/क | ३०५१ | ०-०-५ १/४ |
| ८ | रामप्यारी देवी | सप्तरी, रावि-३ | मुसहरु साह/डोमि साह तेली | मिलन साह | राजविराज | ३ | ८५ | ०-०-१० |
| ९ | त्रिभुवन नारायण देव | सप्तरी, रावि-५<br>सप्तरी, रावि-५ | देव नारायण देव | दन्तलाल देव | राजविराज<br>राजविराज | ७<br>७ | ३४ 'म'<br>३४ 'म' | ०-०-१ (घर समेत)<br>०-०-९ (घर समेत) |
| १० | लालो कुमारी यादव | सप्तरी, रावि-१<br>सप्तरी, रावि-१ | इन्द्रदेव यादव/दशन यादव | हिरालालयादव | चनौरा पडरिया<br>चनौरा पडरिया | ४<br>४ | १२१९<br>११७९ | ०-२-०<br>०-२-० |
| ११ | सुनिता देवी बैश्य | सप्तरी, रावि-१३ | बलराम देव/फुदीलाल देव | फचाइलाल देव | विसहरिया | ५/ख | २१७ | ०-५-११ |
| १२ | रुद्र नारायण कण्डल | सप्तरी, महदेवा-५<br>सप्तरी, महदेवा-५<br>सप्तरी, महदेवा-५<br>सप्तरी, महदेवा-५ | सूर्य नारायण | भुल्ल केश्वर | भगवतपुर<br>भगवतपुर<br>भगवतपुर<br>भगवतपुर | ७/ख<br>७/ख<br>७/ख<br>७/ख | ६९<br>२७४<br>९०<br>९१ | ०-१०-१९<br>०-१-९<br>०-४-८<br>०-२-६ |
| १३ | माहाविर प्रसाद साहु सुडि | सप्तरी, रायपुर-५, रुपनी गा.पा. | गरिबचन्द साहु | भजन साहु | नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर<br>नकटीरायपुर | ४/क<br>४/क<br>४/क<br>५/क<br>५/ख<br>५/ख<br>५/क<br>५/क<br>५/ख<br>५/ख<br>५/क<br>५/क | १२९६<br>१२९८<br>१३००<br>५५४<br>६४९<br>७७२<br>८३१<br>८३४<br>९७१<br>९७३<br>९८४<br>९८६ | ०-२-१०.२५०<br>०-२-०<br>०-२-६.२५.०<br>०-०-१९.५००<br>०-०-७<br>०-०-८.५००<br>०-२-१<br>०-२-१३<br>०-०-१२<br>०-६-३.५००<br>०-०-११.२५०<br>०-०-५.५०० |

**लिलाम डाक बढाबढ हुने मिति :** २०८१/०१/०९ गते आइतबार

**समय :** बिहान १०:०० बजे देखि ४:०० सम्म

**स्थान :** संस्थाको कार्यालय भवन राजविराज-४, गजेन्द्र चौक

***नोट : लिलाम डाक बढाबढ हुने दिन बिदा पर्न गएमा बिदाको भोलिपल्ट कार्यालय खुलेको दिन डाक बढाबढ हुनेछ ।***

**नेपाल सहकारी संस्था लि.**
राजविराज-४, सप्तरी
फोन नं ०३१-५३१०९६

## आयल निगमका तत्कालिन निर्देशकलाई पर्याप्त सजाय नभएको भन्दै सर्वोच्चमा पुनरावेदन

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ चैत ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाल आयल निगमका तत्कालीन कार्यकारी निर्देशक गोपाल खड्कालाई पर्याप्त सजाय नभएको भन्दै सर्वोच्च अदालतमा पुनरावेदन दिएको छ ।

आफूले मागदाबी गरे अनुसार सजाय र जरिवाना नभएको भन्दै अख्तियारले विशेष अदालतको फैसला विरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन दिएको हो ।

विशेष अदालतले गैरकानुनी सम्पत्ति आर्जनको मुद्दामा २०८० साल असार १५ गते खड्कालाई ९ करोड १९ लाख जरिवाना र १५ महिना जेल सजायको फैसला गरेको थियो ।

अख्तियारले २०७५ साल पुस २३ गते खड्कामाथि १८ करोड ६६ लाख ५ हजार ६२९ रुपैयाँ गैरकानुनी रुपमा आर्जन गरेको अभियोग लगाउँदै उक्त रकम, सम्पत्ति जफत र २ वर्ष कैद सजायको माग गरेको थियो । मागदाबी अनुसार सजाय नगरी करिब आधा मात्रै सजाय भएको भन्दै सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गराएको अख्तियार स्रोतले जानकारी दिएको छ ।

अख्तियारले खड्कामाथि शर्मिला खड्का र अंकिता लामाको नाममा समेत सम्पत्ति लुकाएको आरोप लगाएको थियो । विशेष अदालतले त्यसलाई आंशिक रुपमा ठहर गर्दै उनीहरुको नाममा रहेको ३ कित्ता घरजग्गा बिगोको हदसम्म जफत गर्नु भनी आदेश दिएको छ । अख्तियारले खड्का र लामाविरुद्ध पनि पुनरावेदन दर्ता गर्दै आफ्नो मागदावी अनुसार सजाय हुनुपर्ने भनेको छ ।

अख्तियारको अनुसन्धानका क्रममा खड्कासँग २७ करोड ३० लाख ७५ हजार ३८० रुपैयाँ सम्पत्ति पाइएको थियो, जसमध्ये ८ करोड ६४ लाख ६९ हजार ७५१ रुपैयाँमात्रै उनको वैध आम्दानी थियो । आयल निगमको कार्यकारी निर्देशक भएपछिको ६ महिनामा मात्रै उनीमाथि ७ करोड ४४ लाख आर्जन गरेको आरोप थियो ।

खड्काले पुर्ख्यौली बाहेक ३ वटा घर निर्माण र खरिद गरेको अख्तियारको अनुसन्धानका क्रममा फेला परेको थियो । उनले २ वटा घर खरिदका लागि आंशिक भुक्तानी दिएका थिए । उनले विभिन्न ठाउमा ११ कित्ता जग्गा किनेको भेटिएको थियो ।

उनले घरजग्गामा मात्रै ११ करोड ६१ लाख रुपैयाँ लगानी गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ । विभिन्न ५५ वटा बैंक, सहकारी र अन्य वित्तीय संस्थामा उनले २ करोड ७१ लाख बचत गरेको भेटिएको थियो । आयल निगमको कार्यकारी निर्देशक हुँदा भएको जग्गा खरिद प्रकरणमा पनि खड्काविरुद्ध अख्तियारले अनुसन्धान गरिरहेको छ ।

## नाउपाद्वारा कांग्रेस नेतृत्वको सरकारलाई समर्थन कायमै

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ चैत ।**

नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले कांग्रेस नेतृत्वको सुदूरपश्चिम सरकारलाई आफ्नो साथ समर्थन कायमै राख्ने भएको छ ।

केन्द्रमा नयाँ समीकरणलाई समर्थन गरेको नाउपाले सुदूरपश्चिम प्रदेशमा भने कांग्रेस नेतृत्वको सरकारलाई दिएको समर्थनलाई निरन्तरता दिने निर्णय गरेको हो । आइतबार बसेको नाउपा संसदीय दलको बैठकले कांग्रेसलाई सघाउने निर्णय गरेको हो ।

सुदूरपश्चिम नाउपाका ७ सांसद छन् । तीमध्ये पाँच मन्त्री छन् । उनीहरुले मुख्यमन्त्री कमलबहादुर शाहलाई नै विश्वासको मत दिने निर्णय गरेका हुन् । बैठकमा कैलाश चौधरी र टीका थापा उपस्थित थिएनन् । संसदीय दलका नेता घनश्याम चौधरीका अनुसार उनीहरू दुवैलाई पनि सरकारमा ल्याउने गरी छलफल गरिरहेको बताए ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले समर्थन फिर्ता लिएपछि सुदूरपश्चिम प्रदेश सरकार अल्पमतमा परेको छ । सुदूरपश्चिममा बहुमतको सरकार गठनका लागि २७ जना चाहिन्छ । ५३ सदस्यीय प्रदेशसभामा एक जनाको निधन भएपछि हाल ५२ सदस्य छन् । नेपाली कांग्रेसका १८, माओवादी केन्द्रका सभामुखसहित ११, नेकपा एमालेका १०, नाउपाका ७, एकीकृत समाजवादीका ४, राप्रपा १ र १ जना स्वतन्त्र सांसद छन् ।

शाह नेतृत्वको सरकारलाई सुविधाजनक बहुमतका लागि २ सिटको कमी छ । सरकारको लागि यहाँका स्वतन्त्र सांसद डा.तारा जोशी र राप्रपाकी सांसद खिमादेवी विष्टको समर्थन आवश्यक छ ।

### *राष्ट्रिय जनगणना ...*

चार दशमलव पाँचजना सदस्य परिवारमा रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ का क्रममा मुलुकको आमसञ्चारमाध्यमले अपेक्षा गरेअनुसार समाचार सामग्री सम्प्रेषण गरेको सो अवसरमा सार्वजनिक प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रमुख तथ्याङ्क अधिकारी रायाले मुलुकको विकास निर्माणमा महत्वपूर्ण भूमिका रहने राष्ट्रिय जनगणना अभियानलाई सफल बनाउन प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा खटिने व्यक्ति सङ्घसंस्था, वर्ग, समुदाय सबैलाई धन्यवाद दिँदै निरन्तर चलिरहने विषयगत क्षेत्रका गणनामा पनि सरोकारवाला पक्षबाट यसअघिजस्तै साथ सहयोग प्राप्त भइरहने विश्वास व्यक्त गर्नुभयो ।

## एक घण्टाभित्रमा श्रम स्वीकृति दिने व्यवस्था गर्न श्रममन्त्रीको निर्देशन

काठमाडौं, ४ चैत (रासस) ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले एक घण्टाभित्रमा श्रम स्वीकृति दिने गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस) को सुधार गर्न निर्देशन दिनुभएको छ ।

आइतबार फेमिस प्रणाली आपूर्तिकर्ता, मन्त्रालयको सूचना प्रविधि शाखा र परामर्शदातासँग छलफल गर्दै मन्त्री अर्यालले आगामी शुक्रबारदेखि एक घण्टाभित्र श्रम स्वीकृति दिने गरी प्रणालीको सुधार गर्न निर्देशन दिनुभएको उहाँको सचिवालयले जनाएको छ ।

वैदेशिक रोजगारीको काम कारबाहीलाई प्रविधिमैत्री बनाउन वैदेशिक रोजगार विभागले फेमिस प्रणाली प्रयोगमा ल्याएको हो तर सो प्रणालीमा आउने समस्याका कारण श्रमिकले समयमै श्रम स्वीकृति नपाउँदा थप आर्थिक भार खेप्नुपरेको गुनासो छ । यसै समस्यालाई समाधान गर्न मन्त्री अर्यालले फेमिस प्रणालीमा तत्काल सुधार गर्न निर्देशन दिनुभएको जनाइएको छ ।

मन्त्री अर्यालले संसारको कुनै पनि कुनाबाट श्रम स्वीकृतिका लागि श्रमिकले आवेदन दिँदा एक घण्टाभित्रमा श्रम स्वीकृति दिन सक्ने गरी प्रणाली सुधार गर्न निर्देशन दिनुभयो । "तपाईंहरुले काम गर्न सक्नुहुन्छ भने गर्नुहोस् अन्यथा अन्य विकल्प खोजेर भए पनि एक महिनाभित्रमा एक घण्टामा श्रम स्वीकृति दिन सक्ने गरी फेमिस प्रणालीको सुधार गर्नेछु", उहाँले भन्नुभयो ।

मन्त्रालयको सूचना प्रविधि परामर्शदाताले विगत एक सातादेखि फेमिस प्रणालीको निगरानी गरिरहेको छ । फेमिस प्रणालीको सफ्टवेयरको आपूर्तिकर्ता ई-बीमा कम्पनी हो भने हार्डवेयर आपूर्तिकर्ता दृष्टि टेक कम्पनी हो ।

सन् २०१६ मा विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकको तथ्याङ्क राख्न, अनलाइन टोकन र श्रम स्वीकृति प्रदान गर्नका लागि सफ्टवेयर खरिद गरेको थियो ।

### *टेलिकमका प्राविधिक...*

गरी व्यापार व्यवसाय गरेको र सूर्य बिनायक-धुलिखेल-सिन्धुलीबर्दिबास रोड प्रोजेक्टमा ठेक्का लिई प्रतिनिधिको रुपमा हस्ताक्षरसमेत गरी भ्रष्टाचार गरेको उजुरी अख्तियारमा परेको थियो ।

सिटौलाले साविक नेपाल टेलिकमको नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, बमोजिम व्यापार व्यवसाय संचालन गर्न वा बाह्य कार्य गर्न स्वीकृत लिनुपर्ने कानूनी प्रावधान विपरीत एक करोड एकसट्ठी लाख बीस हजार चार रुपैयाँ तीस पैसा गैरकानूनी व्यापार व्यवसाय गरेको देखिएको अख्तियारले जनाएको छ ।

सोहीअनुसार आयोगले सिटौलालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १४ बमोजिमको कसुरमा एक करोड एकसट्ठी लाख बीस हजार चार रुपैयाँ तीस पैसा बिगो कायम गरी आर्जन गरेको सम्पत्तिसमेत जफत हुन मागदाबी मुद्दा दायर गरिएको अख्तियार प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*